www.pradeshdaily.com

म.जि.प्र.का.दर्ता नं.-११५

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# प्रदेश

Pradesh National Daily

राष्ट्रिय दैनिक

वर्ष: १४, अंक:-३१३, २०८३ असार ६ गते शनिबार (Saturday, 20 Jun 2026), पृष्ठ-४, मूल्य रू.३/-



गर्मी मौसममा सावधानी अपनाऔं, सुरक्षित बनौं

➪प्रयाप्त मात्रामा सफा पानी, स्वच्छ खाना तथा तरल पदार्थ सेवन गरौं,
➪अत्यधिक घाममा लामो समयसम्म नबसौं,
➪चर्को घाममा बाहिर निस्कँदा छाता, टोपी र पातलो कपडा प्रयोग गरौं,
➪जंकफूड, बासी, सडेगलेका तथा दुषित खानेकुरा नखाऔं,
➪बालबालिका, ज्येष्ठ नागरिक तथा बिरामीको विशेष हेरचाह गरौं,
➪तातो हावाका कारण लु का लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं,
➪घर तथा कार्यस्थललाई स्वच्छ, सफा र शितल राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## २० वर्षको बक्यौतामा २ वर्षको कर तिर्दा हुने

♦प्रदेश दैनिक

हेटौंडा/बागमती प्रदेश सरकारले यातायात क्षेत्रलाई थप व्यवस्थित र प्रविधिमैत्री बनाउन व्यवसायीका लागि विशेष कर छुटको प्याकेज घोषणा गरेको छ ।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघको सातौं राष्ट्रिय महाधिवेशनबाट निर्वाचित केन्द्रीय कार्यकारिणी समितिको पदस्थापन तथा शपथ ग्रहण कार्यक्रममा मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले यस्तो घोषणा गरेका हुन् । मुख्यमन्त्री बानियाँले प्रदेशको मुख्य राजस्वको स्रोत यातायात क्षेत्र नै रहेको उल्लेख गर्दै यसलाई पूर्ण रूपमा डिजिटलाइज गर्ने योजना अघि सारिएको जानकारी दिए । अबदेखि सेवाग्राहीले रोड पर्मिट लगायतका कामका लागि कार्यालय धाउनु नपर्ने र जुनसुकै जिल्लाबाट सेवा लिनुका साथै अनलाइनमार्फत नै भुक्तानी गर्नसक्ने व्यवस्था मिलाइने मुख्यमन्त्री बानियाँले बताए । व्यवसायीहरूको मर्कालाई मध्यनजर गर्दै सरकारले लामो समयदेखि कर तिर्न नसकेका सवारी साधनका लागि विशेष सहुलियतको व्यवस्था गरेको हो ।



विभिन्न आन्दोलन र आर्थिक मन्दीका कारण संकटमा परेका व्यवसायीलाई राहत दिन सरकारले यस्तो कदम चालिएको उनले प्रष्ट पारे । यसैगरी विगतका आन्दोलनका क्रममा रोड पर्मिट लगायतका विषयमा लागेका जरिवाना समेत सरकारले मिनाहा गरेको छ । विभिन्न घटना वा आन्दोलनका क्रममा जलेर नष्ट भएका सवारी साधनको दर्ता खारेजी गर्दा लाग्ने शुल्क समेत पूर्ण रूपमा मिनाहा गरिएको मुख्यमन्त्री बानियाँले जानकारी दिए । '२० औं वर्षदेखि कर तिर्न नसकेका सवारी धनीले चालु आर्थिक वर्ष र गत वर्षको मात्र कर चुक्ता गरेमा बाँकी सबै जरिवाना र वक्यौता मिनाहा हुने व्यवस्था बजेटमै गरिएको छ', उनले भने ।

यातायात व्यवसायी र निजी क्षेत्रको योगदानले नै प्रदेश र देशको अर्थतन्त्र चलायमान भएको स्वीकार गर्दै मुख्यमन्त्री बानियाँले व्यवसायीको हित र सडक पूर्वाधारको सुधारका लागि सरकार सधैं तत्पर रहेको प्रतिवद्धता व्यक्त गरे । ढुवानी र दैनिक उपभोग्य वस्तुको आपूर्तिमा यातायात क्षेत्रको अहम् भूमिका रहेकाले यसलाई थप मर्यादित र व्यवस्थित बनाउन व्यवसायीहरूसँगकै समन्वयमा काम गर्ने उनको प्रतिबद्धता रहेको छ ।

## कैलाश गापामा उपाध्यक्ष कप भलिबल सुरु

♦प्रदेश दैनिक

हेटौंडा/मकवानपुरको कैलाश गाउँपालिकामा चौथो संस्करणको उपाध्यक्ष कप पुरुष भलिबल प्रतियोगिता सुरु भएको छ ।

कैलाश गाउँपालिका ३ स्थित भवानी माध्यमिक विद्यालयको खेल मैदानमा शुक्रबारबाट प्रतियोगिता सुरु भएको हो । कैलाश खेलकुद विकास समितिका अध्यक्ष मोहन वाइवाको अध्यक्षतामा भएको कार्यक्रममा गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तानको प्रमुख आतिथ्यता रहेको थियो । उद्घाटनमा गाउँपालिका उपाध्यक्ष बालकुमार मल्ल, ७ नम्बर वडा अध्यक्ष उदासकुमार भोलन, ९ का अध्यक्ष भुवनसिं घलान, १० का अध्यक्ष सूर्यबहादुर ब्लोन, प्रमुख रेफ्री विनोद श्रेष्ठ, भवानी माध्यमिक विद्यालयका प्रधानाध्यापक बालचन्द्र मल्ललगायतको आतिथ्यता रहेको थियो ।



उद्घाटन खेलमा साविक विजेता वडा नम्बर ५ ले ९ लाई सोझो सेटमा हराउँदै विजयी यात्रा सुरुवात गरेको छ । ५ ले ९ लाई २५-२१ र २५-१८ को सेटमा पराजित गरेको हो । शुक्रबारै भएको वडा नम्बर ७ र ८ बीचको खेलमा ८ नम्बर विजयी भएको छ । ८ ले ७ लाई २६-२४, २०-२५ र १५-११ को सेटमा हर ाएको हो । यस्तै ८ ले १० नम्बर वडालाई १९-२५, २५-२२, १६-१४ को सेटमा हराएको छ । प्रतियोगितामा गाउँपालिकाका ९ वटा वडाको सहभागिता रहेको छ । प्रतियोगिताको विजेता टोलीले ७५ हजार र उपविजेताले ५० हजार रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ । लिगकम नकआउटको आधारमा प्रतियोगिता सञ्चालन भएको हो ।

गाउँपालिकामा खेलकुदको विकास, युवाहरूबीच आपसी सद्भाव र प्रतिस्पर्धात्मक भावना अभिवृद्धि गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको आयोजकले जानकारी दिएको छ ।

## कैलाशमा अभिभावकको श्रमदानबाट २ कोठे भवन निर्माण

♦प्रदेश दैनिक

हेटौंडा/मकवानपुरको कैलाश गाउँपालिका स्थानीय अभिभावकको श्रमदानबाट २ कोठे भवन निर्माण भएको छ ।

कक्षा कोठाको अभाव भएको अवस्थामा जग्गा दान प्राप्त भएपछि अभिभावकको श्रमदान तथा आर्थिक सहयोगमा कैलाश ७ मा रहेको कोथलिटार आधारभूत विद्यालयमा २ कोठे भवन निर्माण गरिएको हो । उक्त भवन शुक्रवार एक कार्यक्रमका बीच उद्घाटन गरिएको छ । विद्यालयका अध्यक्ष लोकबहादुर नेगीको अध्यक्षतामा भएको कार्यक्रममा गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तानको प्रमुख आतिथ्यता रहेको थियो ।गाउँपालिका अध्यक्ष मुक्तानले चेपाङ र तामाङ समुदायका बसोबास रहेको क्षेत्रमा सञ्चालन हुँदै आएको विद्यालय प्राथमिक तहबाट क्रमश: आधारभूत तहमा स्तरोन्नति भइसकेको बताए । उनले भविष्यमा विद्यालयलाई माध्यमिक विद्यालय (मावि) तहसम्म विस्तार गर्ने प्रतिवद्धता समेत जनाए ।

विद्यालयको भौतिक तथा शैक्षिक विकासका लागि आवश्यक बजेट व्यवस्थापन गरिने बताउँदै अभिभावकहरूलाई आफ्ना बालबालिकालाई नियमित रूपमा विद्यालय पठाउन आग्रह गरे । उनले विद्यालयको गुणस्तर सुधारका लागि शिक्षकहरू पनि लगनशील र जिम्मेवार



हुनुपर्नेमा जोड दिए । सामुदायिक एकता, अभिभावकको सक्रियता तथा स्थानीय तहको सहयोगले विद्यालयको थप विकास सम्भव रहेको बताएको अध्यक्ष मुक्तानले बताए । कार्यक्रममा विद्यालयका लागि जग्गा प्रदान गर्ने मानबहादुर नेगीलाई दोसल्ला ओढाएर विशेष सम्मान गरिएको थियो भने ट्रस भवन निर्माणमा सहयोग पुर्याउने विभिन्न दाता तथा सहयोगीहरूलाई प्रमाणपत्रका साथ सम्मान गरिएको थियो ।

अभिभावकबाट एकलाख ९९ हजार ७०७ रुपैयाँ संकलन गरिएको थियो भने विद्यालयतर्फबाट ६१ हजार तीनसय संकलन गरिएको विद्यालयका प्रधानाध्यापक सीताराम श्रेष्ठले बताए । कार्यक्रममा ७ नम्बर वडा अध्यक्ष उदासकुमार भोलन, वडा सदस्य मानबहादुर चेपाङ, प्रधानाध्यापक सीताराम श्रेष्ठ, जनजागरुक युवा क्लबका अध्यक्ष तथा भवन निर्माण समितिका कोषाध्यक्ष सुरेन्द्र घलान, विद्यालय व्यवस्थापन समिति सदस्य सरस्वती चेपाङ र रोमिका चेपाङ, पीटीए अध्यक्ष रमेश स्याङ्तान, विद्यालयका पूर्व अध्यक्ष सन्तबहादुर सिन्तानलगायतको आतिथ्यता रहेको थियो ।


दैनिक प्रदेश
PRADESH DAILY NEWSPAPER

समाचार तथा विज्ञापनको लागि
सम्पर्क नं. ९८५५०८८१५१





# कथा : ज्यानमाराको छोरा



रमाकान्त शर्मा

सधैं जसो जिल्ला प्रहरी कार्यालयमा मान्छेको भिडभाड, कल्याङमल्याङ । ढोकाबाट भित्र छिर्ने वित्तिकै छेवैमा सेतो वोर्डमा सबैको नजर परिहाल्छ । वोर्डको सिरानमा कालो मार्करले लेखिएको छ थुनुवाहरुको विवरण । त्यसको लगतै क्रम संख्या, नाम, ठेगाना, मुद्दा, हिरासतमा रहेको मिति भनेर लेखिएको छ। मुद्दामा सबै भन्दा बढी सवारी दुर्घटना, त्यस पछि क्रमस चोरी, जक, ज्यान मार्ने उद्योग, कुटपिट यस्तै यस्तै देखिन्छ ।

त्यसै मध्ये सातौं नम्बरमा बिर्खबहादुरको नाम अङ्कित छ । उसको ठेगाना नवलपरासी पूर्व लेखिएको छ । मितिले हिसाब गर्दा उ त्यहाँ रहेको पनि १५ दिन भइसकेको छ । उसको अगाडि जक/सार्वजनिक (जवरजस्ती करणी र सार्वजनिक अपराध) लेखिएको छ । माथिल्लो तलामा रहेको एसपीको कार्यकक्षतर्फ जाने भऱ्याङ चढ्दा जो कोहीका नजर छेउका कोठाहरुमा पर्छन् । हतकडी लगाइएका कैदीहरू कोचाकोच छन् । केही भित्तामा कुहिना टेकाएर त कोही शरीरलाई आडलगाएर , खुट्टा पसरारेर बसिरहेका छन् । बीच बीचमा केही पाखुराको सिरानी हालेर लम्पसार सुतिरहेका छन् । त्यसैको नजिकैको सानो कोठामा चारपाँच जना अधबैसें महिला एकआपसमा खासखुस गर्दै छन् । पुरुष राखिएको कोठा, सजिलै बस्ने हो भने ५-७ जनामा मात्र अट्ने हो । त्यस कोठामा पन्ध्रसोह्र जना कोचाकोच अटिरहेका छन् ।

आउने-जानेहरूको ती कोठातर्फ नजर पर्दा अनुहारमा फरकपन देखिन्छ । केही आगन्तुकले नजरसँगै घृणाले नाक खुम्च्याउँथे। कोठामा बसेका र सुतेर पनि ननिदाएकाहरुको पनि आउने जाने प्रति नजर त पर्नेनै भयो । नजर जुद्धा कोठामा रहेकाहरुले पनि कटाक्ष गर्दै आँखा तर्दथे । अरूले झैँ कटाक्ष गर्नुको सट्टा बिर्खबहादुर भने शून्य नजरले टोलाइरहन्थ्यो। थुनुवालाई भेटन पाउने समयमा लविको छेउको फलामे च्यानल गेटनेर रहेको खाली स्थानमा दैनिक भिड्भाड हुन्छ । प्रायको नाम बोलाइन्छ । एक एक गरी भित्रकाले खाली भाँडा दिने र बाहिरबाट भेट्न आउनेले ल्याएका पोका भाँडा भित्रदिने क्रमचल्छ । बिर्खबहादुर भनेर बोलाएको कुनै दिन सुनिदैन । भेटको समय पछि कोठामा रहेने कसैको हातमा फलफुल, कसैको हातमा मासु चिउरा. कसैको हातमा सेलरोटी र अचार । बिर्खबहादुरलाई भने भेटन आउलान् भन्ने प्रतिक्षा पनि छैन खानाको आश पनि छैन । नजिकमा रहेको कसैले दिएको थोरै खाए पनि, ऊ मौन नै रहन्थ्यो । उसका आँखा भने भित्रै कतै विगतमा हराइरहेका थिए । अरुले जस्तो बहिरका मान्छेले आँखा गाडेर हेर्दा बिर्खबहादुरले हेर्नेलाई आँखा तरेर पनि हेर्दैन । उसका आँखा आफैमा उदास छन् ।

चलचित्रका दृष्य जस्तै उसको मनमा पटक पटक विगतका घटनाहरु घुमिरहन्छन् । बिर्खबहादुर चार-पाँच वर्षको हुँदा उसका बाबु कृष्णबहादुर ज्यानमारा मुद्दामा जेल परे। किन, कसरी–उसलाई थाहा थिएन । बज्यैले कहिलेकाहीं भन्थिन्-“मेरो छोरा सोझो थियो, उसलाई फसाइयो...” बाबु जेल परेको एक वर्ष नहुँदै उसकी आमाले दोस्रो विहे गरिन् । भरभराउँदो युवती कसरी बसुन् ज्यान केसमा जेल परेको लोग्नेलाई बर्षौ पर्खेर ? अदालतले तोकेको २० वर्ष उनको लागि त सिङ्गै एक युग थियो । हुन पनि २४ वर्षे उनको जवानीले २० वर्ष पछिसम्म पर्खन सक्दैनथ्यो । उमेरको तिर्खा र भविष्यको डरले ममतालाई जित्यो। बिर्खबहादुर टुहुरो हुन पुग्यो । अब उसको संसार एउटै थियो-उसकी बज्यै । उसको बाबु भने पनि आमा भने पनि उसकी बज्यै । टुहुरोको एक मात्र सहारा बज्यै।

आफु कालो अक्षर भैंसी बराबर भएकी बज्यैले छोरालाई समेत पढाउन नपाएकोमा पश्चाताप थियो । नातीलाई नजिकमा रहेको प्राथमिक विद्यालयमा भर्ना गराइदिन् । छ वर्षको बिर्खबहादुर टुकु टुकु विद्यालयमा जान सुरु गऱ्यो । घरमा दाजु भाइ दिदी बहिनी कोही नभएको बिर्खबहादुरलाई विद्यालयमा धेरै साथीहरु हुने, खेल्न पनि पाइने, सर, मेडमहरुसँग पढ्न पनि पाइने, दंग थियो । सर मेडमले भन्ने गर्थे “टुहुरो भए पनि कस्तो फुर्ति, कस्तो चलाख “ । उसको खुशी धेरै दिन टिक्न सकेन । उसको दौतरी त के माथिल्लो कक्षाका दाइ दिदीसँग खेल्दा पनि उसले जित्थ्यो ? उ मिसिएको समान उमेरको टिम पनि सधैं विजयी । तर जीतको खुशियाली भन्दा पनि उसलाई हार्ने व्यक्तिले प्रयोग गर्ने “ज्यानमाराको छोरा“ उपनामले खिन्न बनाउथ्यो । खेल जित्दा पनि उसैलाई दोष, हार्दा पनि उसैलाई गाली । ज्यानमाराको छोरा” भन्ने शब्दले उसको मनमा गहिरो चोट पार्थ्यो। त्यो शब्द केवल गाली होइन, उसको अस्तित्वमाथि प्रहार थियो । एक दिन उसँगैको साथीलाई कुहिनोले घच्च लागेछ ।

उसले साथीलाई घच्याउने चाहनाले त्यसो गरेको पनि थिएन । उसले रोए जस्तो अभिनय गर्दै शिक्षकलाई लगाइहाल्यो सर ज्यानमाराको छोराले हान्यो । शिक्षकहरुले न्याय गर्छन् भन्ने ठान्थ्यो बिर्खबहादुर । त्यस दिन शिक्षकले पनि अगाडी बोलाएर “बाबु जस्तो हुने होइन“ । गल्ती गरे जेलमा परिन्छ भन्ने थाह छैन । मात्र भनेन् अन्तिममा “ज्यानमाराको छोरा“ भन्न पनि बाँकी राखेनन् । शिक्षकलाई त्यो सामन्य थियो तर उसको लागि आकासै खसेजस्तो भयो । शिक्षकले बाबु जस्तो नबन“ भन्नु उसको लागि संसारकै सबैभन्दा ठूलो गाली र सजायभन्दा ठूलो चोट थियो। त्यस दिनदेखि उसले विद्यालय मात्र होइन, शिक्षकमाथिको विश्वास पनि गुमायो । त्यस दिन जेन तेन बस्यो र झोला बोकेर घर फर्क्यो। बेलुकी बज्यैले खाना बोलाउँदा पनि उ खान मन गरेन । करलगाएर बज्यैले बनाएको खाना खुवाइन ।

भोलिपल्ट खाना खान हतार गर्ने र भौकै भए पनि विद्यालय जान्छु भन्ने बिर्खबहादुरले खाना खान पनि खोजेन र विद्यालय जान हतार पनि गरेन । बज्यैले खाना बोलाउदा उल्टै खाना पनि खान्न स्कुल पनि जान्न पो भन्न थाल्यो । बज्यैले पढेलेखेर ज्ञानी मान्छे बन्नु पर्छ, स्कुल जानु पर्छ । भनेर सम्झाइन उसले मानेन । दिक्क भएर बज्यैले स्कुल नगए पनि नजालास् खाना त खा भने पछि मात्र थरै खाना खायो । त्यस दिन देखि विद्यालयमा गएन । गाउँमा उसका मिल्ने साथीहरुसँग खेल्थ्यो । विद्यालय घरको नजिकै थियो । विदाको दिन विद्यालयमा जान्थ्यो र विद्यालयको चौरमा खेल्थ्यो । उसको लागि पढाइ लेखाइ विराना भए । उ बज्यैको एक मात्र साहारा थियो । उसको पनि एक मात्र आमा भने पनि, बाबु भने पनि, अभिभावक भने पनि, माया गर्ने मान्छे जे भने पनि बज्यै नै थिइन । बज्यैलाई छोरा जेल परेको, बुहारी घर छाडेर गएको सबै दुख विर्साउने त्यहि बिर्खबहादुर थियो । त्यसैको मुख हेरेर त्यसैको साहराको लागि उनि बाँच्ने निहुँ थियो ।

पढाइ लेखाइ रोकिए पनि समय त रोकिने भएन । उसकी बज्यै झनै बुढी हुदै गइन् । जीवनका ठुला ठुला बज्रपात सहने बानी परेको उनको शरीर पनि कुप्रिइ सकेको, मासुले छाडेर हाड र छालामात्रको फुकिढल भै सकेको थियो । एक दिन निकै विरामी परिन् । खडाइले बारेको र खरले छाएको तिनीहरुको घर तथा झुप्रोमा विरामी हुँदा अस्पताल लैजाने पैसा थिएन । झुप्रोमा त थोत्रा, झुत्रा झुत्रा परेका एक जोर ओडने ओछ्याउने र नाति बज्यैका टालटुल पारेर बनाएका लगाउने कपडा, दुईजनालाई खाना पकाउने ताउली, भजालो र खाना खाने थाल र बटुका मात्र । सम्पत्ति भने पनि त्यहि थियो जायजेथा भने पनि त्यहि झुप्रो । अस्पताल जान गाडी भाडा तिर्ने अस्पतालको शुल्क तिर्ने पैसा उनीसँग कसरी होस् । बिर्खबहादुर कमाउन सक्ने भएको थिएन । फुकिढल बुढि मान्छे ज्याला मजदुरी गर्न सक्ने कुरै भएन । तीन, चार दिन कामज्वरो आयो पाँचौं दिनको दिन बज्यैले अन्तिम सास फेरिन् । बिर्खबहादुरको सहाराको अन्तिम त्यान्द्रो पनि चुँडियो। बिर्खबहादुरको एकै पटक बाबु ढले, आमा ढलिन, साहारा ढल्यो, सबै ढल्यो । नजिकका छिमेकी मिलेर उसकी हजुर आमाको अन्त्येष्टि गरिदिए । दुईचार दिन घरमा मान्छे आए अनि घर सुनसान भयो । नजिकका छिमेकीले मायाले दिए खान पाउने, अन्यथा भोकै बस्नेमा बिर्खबहादुर पुग्यो ।

बिर्खबहादुर एक्लो भयो । उसकेलागि संसार आफन्त विहिन र सुन्य । उ जता खाना पाइन्छ त्यतै हिड्ने, भौतारिने गर्न थाल्यो । कहिले बजार तिर भौतारियो । कहिले गाउँ चाहऱ्यो । गर्दा गर्दा लफडा केटाहरुसँग संगत भयो । खानको लागि कहिले प्लास्टिक बटुलेर बेच्यो, कहिले खाली सिसि । कहिले पसल र होटलका मान्छेले गराएको सानो तिनो काम गऱ्यो, त्यसको ज्याला स्वरुप एक पेट खाना खान पायो । एउटा होटलमा भाँडा माझ्ने काम गरे खाना पनि दिन्छु, पकेट खर्च पनि दिन्छु भन्दा उसले मान्यो । त्यस होटलमा काम गर्दा उसका हातहरु फाटे, घाउ घाउले भरिए, हातका छाला उक्के, हातका काप काप कुहे जस्ता भए । उसलाई सबैले हेयको भावले हेरें । यस होटलको काम र पाएको थोरै ज्यालाले उसको विश्वास भने जगायो । आृनो कमाइमा बाँच्न सकिने रहेछ भन्ने महसुस गऱ्यो । होटलमा खाना खाना आउने धेरै मान्छेलाई उसले देख्यो । कसै कसैले उसलाई निकै मायाको भावले पनि हेरें त्यसले उसलाई यो संसारमा दयालु मान्छे पनि रहेछन् भन्ने पनि भयो ।

होटलको कामले खाना त चलेको थियो । उसलाई होटलाका साहु साहुनी र धेरै मान्छेले गर्ने अवहेलनाले भने उसलाई मुटुमै घोच्थ्यो । साहुले कामको पारिश्रमिक भनेर दिएको दुई चार सय पनि उसको खल्तिमा हुन थालेको थियो । उसले आफ्नो कमाइ दिनुपर्ने कोही थिएन । साहुले दिएको सबै उसैको खल्तिमा हुन्थ्यो । हुन त उसलाई पनि नयाँ नयाँ कपडा लगाउँन, अरु मान्छे जस्तै होटलको टेवल कुर्चिमा बसेर मनपर्ने मिठा मिठा परिकार मगाएर खान मन लाग्थ्यो । साथीहरुले साइकल चडेको देखेर पनि उ लोभिन थालेको थियो । उसका साथीहरु लुकी छिपी रक्सि खाने पनि गर्न थालेका थिए । उसलाई भने रक्सि मन पर्दैनथ्यो । र क्सिको कुरा निकाल्दा उसकी बज्यैले उसको बाबु सोझो मान्छे रक्सि पिउनाले गर्दा उसलाई फसाए भनेर पटक पटक भनेको स्मरण हुन्थ्यो । बजारका केहि केटा साथीहरु लागुपदार्थ दुर्वेसनमा पक्रिए । बिर्खबहादुरलाई भने लागु पदार्थ सेवन गर्ने पनि मन गरेन ।

एक दिनको कुरा हो एउटा घरका सबै मान्छेहरु घुम्न गएर चार पाँच दिनको लागि केटा मात्र एक्लै घरमा बस्नु पर्ने भएको रहेछ । उसको घरमा ठूलो टिभी थियो । त्यसमा नेट जोडेर युटुभ र विभिन्न भिडियोहरु हेर्न मिल्ने थियो। घरमा एक्लो भएको केटाले उसका साथीहरुलाई “म एक्लै छु बेलुकी हाम्रो घरमा भिडियो हेर्न आउनु“ भनेको रहेछ । चिनेको एकजनाले बिर्खबहादुरलाई पनि फिल्म हेर्न जाउँ भन्यो । फिल्माका हिरो हिरोइनका तस्विरहरु उसले पनि देखेको थियो । ती हिरो हीरोइनलाई देखाउने फिल्म कस्तो हुने रहेछ उसलाई पनि हेर्ने मन भयो । जाउँ भन्ने साथीसंगै बिर्खबहादुर पनि उसको घरमा गयो । सबै भएर फिल्म हेरें । फिल्मको कथामा हिरोले दुख, कस्ट सहेर, मेहनत गरेर राम्रो मान्छे भएको र उसको जीत भएको देखाइएको थियो । उसलाई त्यो कथाले मनमात्र छोएन सपना पनि देखायो । अर्को दिन पनि साथीहरुले फिल्म हेर्ना जाउँ भने । त्यस समुहमा उसको उमेका भन्दा अलि ठूला १५ - २० वर्षका केटाहरु पनि रहेछन् । एक पटक फिल्म लगाए पनि, फिल्म सुरु के भयएको थियो, एक अली ठूलो केटाले “यस्ता फिल्म मात्र के हेर्नु ब्लु फिल्म हेरौं“ भन्यो ।

त्यस दिन त्यहाँ जम्मा ८-१० जना मात्र केटहरु थिए । फिल्म त थाहा थियो तर ब्लु फिल्म भन्ने कुरा उसकोलागि नौलो लाग्यो, उत्सुकता जाग्यो । पछि हेर्दा त नाङ्गा मान्छे पो देखिन थाले । उसलाई पहिला हेरेको फिल्मको कथा, हिरो हिरोइन मन परेका थिए । यस पटक त्यस्ता हिरो हिरोइन थिएनन् । फिल्ममा कथा थिएनन् । केवल नाङ्गा केटा केटी र यौनसंपर्कका कुरा मात्र देखाइएको रहेछ । उ एक्लै निस्केर जाने कुरा भएन ढोका पनि बन्द गरिएको थियो । करिव एक घण्टामा भिडियो सकियो । सबै केटाहरु निस्के । बाटो सुनसान भैसकेको थियो। मान्छेको आवत जावत अलि कम थियो । त्यो घरबाट बाहिर निक्केर हिड्दै थिए, त्यसै क्रममा हिड्दै गरेका दुईजना १५-१६ वर्षका केटीहरु बाटोमा विपरिततर्फबाट आउदै गरेका देखिए । बिर्खबहादुर पनि उनीहरूसँगै थियो-न बुझेको, न सोचेको... केवल भीडसँग बगेको।

उसको समुहमा रहेका अलि ठुला केटाहरुले ती केटीहरुलाई बाटो छेके र गिज्याउन थाले । केटीहरु अक्कन बक्क भए, बोल्दै नबोल्ने भए । ती केटाहरु मध्यको एक केटाले एउटी केहटीको हात समात्यो र अर्को केटीलाई पनि अरुले समाते त्यहि ब्लु फिल्म हेरेको घरतर्फ लगे । केटीहरुलाई सबै मिलेर घर भित्र लतारे । बिर्खहाबादुर पनि रमाइलो मान्दै तीनै केटाको पछि पछि लागेको थियो । उसको घरको कोठामा पुऱ्याएर केहि छिन पहिला हेरेको भिडियो फेरी लगाए । अनि केटीहरुको शरीर नङ्ग्याउन थाले । कटीहरु वल्लो पल्लो घरका छिमेकीले सुन्ने गरेर जोर जोरले रुन र कराउन थाले । उ ति केटाहरुको समुहमा सबै भन्दा सानो थियो । ती केटीहरुको रुवाइले उसलाई पनि नरामाइलो लग्यो । उसको मनले भन्यो–तिनीहरुलाई छाडिदिए हुन्थ्यो । ऊ त केवल’ भीडको पछि लागेको न थियो । उ बोल्न सकेन । केवल मौन दर्शक भयो । एकै छिन पछि त्यहाँ त स्थानीय मान्छे र प्रहरी पुगें । त्यहाँ भएका सबै केटाहरुलाई प्रहरीले पक्रे र प्रहरी थानामा लिएर गए । भोलीपल्ट ती सबै केटाहरुलाई जिल्ला प्रहरी कार्यालयमा लगियो । सबै केटाहरुलाई जक (जबरजस्ती करणी)मुद्दा लगाइयो । न्यायालयले मुद्दाको किनारा लगाउदै उनीहरुलाई जक अपराध अनुसार सजाय सुनायो ।

बिर्खबहादुरको भोगाइ धेरै थियो तर उसको उमेर भने जम्मा १२ वर्षमा टेकेको थियो । १८ वर्ष नपुगेको भनेर उसलाई बाल सुधार गृहमा पठाइयो। बालसुधार गृहमा उ जस्तै धेरै साथीहरु थिए । कोही चोरी, कोही पकेटमारा, कोही ज्यान मार्ने उद्योग, जस्ता मुद्दामा पुगेका थिए । एक दिनको कुरा हो त्यहाँ जिल्लाको शिक्षाको ठूलो मान्छे आउछन् रे भन्ने खवर भयो । बालगृहका व्यवस्थापकले ती आउने मान्छेलाई हामीलाई पढ्ने व्यवस्था गरिदिन भन भनेर सम्झाए । बिर्खबहादुर उसका साथीहरुलाई समेत भेट्न आएका ती जिल्ला शिक्षा अधिकारीलाई हामीले पढ्न चाहन्छौं शिक्षक पठाइदिनुस् भनेर सामुहिक रुपमा अनुरोध गरें । ती मान्छेले हुन्छ, म पठाइदिन्छु । तिमीहरु परिस्थितिले यहाँ परेका छौ, तिमीहरुले लेखपढ गर्नु पर्छ । संसारमा जेलमा परेका मान्छेहरुले जेलमा नै पढेर विद्वान, लेखक र ठूला नेता बनेका छन्। ‘तिमीहरुले पनि पुस्तक पढ्ने बानी गर’ भनेर सम्झाए । उसले आृनो छेउमा बसेको साथीलाई हेर्यो, जो भोक मेटाउन एउटा पाउरोटी चोर्दा समातिएको थियो। अर्कोतिर एउटा यस्तो केटो थियो, जो साथीहरूको उक्साहटमा परेर नशाको दलदलमा फसेको थियो। उ र उसका साथीहरुलाई उनले भनेको कुरा मन पऱ्यो ।

दुई चार दिन पछि एक जना हाम्रो दाइ जस्तो व्यक्ति हामीलाई पढाउन आए । त्यहाँको व्यवस्था मिलाउने र हामीलाई सम्झाउनेले भन्दै थिए । यि त उनै जिल्ला शिक्षा अधिकारीका छोरा हुन् । हामीलाई ति शिक्षक निकै मन परेको थियो । तिनको न्यानो बोली, मायालु व्यवहार । उनले हामीलाई आृनै भाइबैनी जस्तो गर्थे, सम्झाइ बुझाइ पढाँउथे र हामीलाई साथीजस्तो गर्थे, ठट्टा गर्थे, हामीसंगै रामउँथे । उनले हामीलाई अपराधी जस्तो व्यवहार गरेरन् । उनले पनि भन्ने गर्थे “तिमीहरू खराब होइनौ, परिस्थिति खराब हो,” तिमीहरुले अव मेहनत गरेर पढाइमा राम्रो गर्नु पर्छ । हुन पनि कस्तो राम्रो पढेका, एकै जनाले गणित, विज्ञान, अंग्रेजी सबै राम्रोसंग पढाउन जानेका र बुझाउन सक्ने । ती शिक्षकको बोली र व्यवहारले बिर्खबहादुरको मनमा आशाको सानो दियो बल्यो। विडम्वना उनी धेरै दिन बसेनन् । उनको त्यहाँ बस्ने अवधि सकियो रें भन्ने सुनियो । पछि अलि पाका शिक्षकहरु आए । उनिहरुले पनि अर्थि त दिन्थे तर उनिहरु कहिले आउने, कहिले नआउने, झारा टारे जस्तो गर्थे । नजानेको कुरा सोध्दा उल्टै हप्काउथे । जे भए पनि बिर्खबहादुर र उसका साथीहरुको पढाइ हुँदै थियो कक्षा पनि चढ्दै थिए ।

फेरी अर्को घटना घट्यो । एक दिन एकाएक त्यहाँ भएका ठूला दाइहरुले हल्ला गर्न थाले । ‘खाना राम्रो छैन, हाम्रो सुविधा अरु कसैले खाइदियो, हामीलाई सुविधा दिइएन’ । हल्ला गर्दा गर्दै त्यहाँ भएका एक जनाले नजिकको भित्तामा एक लात्ता हाने । अरुले पनि थपे । एकसल ईटा भएको त्यो भित्री पर्खाल भत्कियो । ईटाहरुको थुप्रो नै लाग्यो । अनि कोही ईटा लिएर भान्सातर्फ लागे कोही ईटा पर्खाल बाहिर ृयाक्न थाले । बिर्खबहादुर बसिरहेको त्यो घर र उसको पाठसाला एकै छिनमा रणभुमिमा बदलियो । आगो लाग्यो । गेटका पुलिसहरुको भागाभाग भयो । त्यहाँबाट सबै बाहिर निस्के, कसैले भन्दै थिए “हामी नभागौं“ । ठुला दाइहरुले भाग भाग भनेर उक्साउदै भागाभाग गरे । बिर्खबहादुर र उसका केहि साथिहरु के गरौं ? कसो गरौं ? भनी अलमलमा पर्दै थिए । त्यति बेलै दमकलहरु आए र हतियार सहितका प्रहरीका भेनहरु पनि आए । ठुलो समुहमा आएको टोलीले गेटको नजिकै बिर्खबहादुर र उसका अलमलमा परेका केटाहरुलाई सबै भन्दा पहिला समायो ।

भाग्ने भागीहाले बिर्खबाहादुर सहितका अलमलमा पर्नेलाई प्रहरीले सबै भन्दा पहिला समातेर हतकडी लगायो । अनि त्यहाँ जिल्ला प्रहरी कार्यालयको हिरासत कक्षमा ल्याएर राखे । बिर्खबहादुर पनि विभिन्न मुद्दालागेर हिरासतमा रहेका मध्ये एकजना भएको छ । उसको अनुहारमा न अपराधको बोध छ, न त उसको अनुहारमा तिनीहरुतर्फ हेर्ने प्रति आक्रोस छ । उसका आँखा शान्त छन्, तर त्यो शान्ति भित्र गहिरो आँधी लुक्केको छ । न त उसलाई भेट्न आउने मान्छे छन् न त अरुलाई जस्तो मिठामिठा परिकार आउने गर्छन् । ऊ सोचिरहेको छ-मेरो अपराध के हो ? मैले के गल्ती गरें ? सायद बिर्खबाहुरले गरेको सबैभन्दा ठूलो अपराध एउटै थियो-एक ज्यानमाराको छोरा भएर जन्मनु । *रमाकान्त शर्मा, चितवन*

*साभार : समकालिन साहित्य*

# कविता : विनाशविरुद्धको सङ्कल्प

कृष्ण बाउसे

अबदेखि
उद्योगको नाउँमा
पिरो धुवाँ उडाउँदिन म ।
परिवेशलाई दूषित बनाउने
वाहनहरू गुडाउँदिन म ।
आन्दोलन चर्काउने बहानामा
मेरो सहरको फोक्सो नै सुन्निने गरी
थोत्रा टायरको धूप लगाउँदिन म ।

अबदेखि
युद्धप्रेमीहरूको लहैलहैमा लागेर
घातक हतियारका साथमा
आफूलाई कतै पनि उभ्याउँदिनँ म ।
हेपेर व्यवहार गरेपछि त
मित्र पनि शत्रु हुन्छ ।
अन्तरिक्षमै पनि
यानले निसृत गरेको फोहरले
वितण्डा मच्चाउन थाल्यो भनिँदै छ ।
मेरै सेवामा जुटिरहेको
प्लास्टिक नामधारी सेनाको पल्टनले नै पनि
अपमानको बदलामा
आतङ्क मच्चाइरहेको देखिँदै छ ।

अबदेखि
आफैँ अबुझ भएर
मित्रलाई शत्रु बनाउँदिन म ।
आफैँलाई टेक्ने आधार दिने माटोलाई नै
अजैविक फोहरले छोपेर
बन्जर भूमिमा परिणत गराउँदिन म ।

अबदेखि
कालो ब्याट्री र सेतो पारोलाई नदीमा सेलाउँदै
निर्दोष जलचरहरूलाई
आँसुको दहमा डुबाउँदिन म ।
अत्यधिक अन्नपानीको दुरुपयोग गर्दै
कोच्याइएको कृत्रिम पोषणको भरमा
ढुस्स फुलाइएका विवश प्राणीको मासु देखेर
अबदेखि
न्याल चुहाउँदिन म ।
नदीको मखुन्डो ओढेका ढलहरूले
नहरलाई बोकाएर उपहारस्वरूप पठाइदिएको
कोकसँग
रासायनिक मलको पिज्जालाई चपाउँदाचपाउँदै
आफैँ रुग्ण भएको अन्नलाई
अबदेखि
आफ्नो उदरमा खन्याउँदिन म ।

फेसनदार कपडा बनाउनेहरूले
मानव जीवनलाई रङ्गिन बनाइदिने नाउँमा
नदीमार्फत् पठाएको
घिनलाग्दो पिप पिइरहनु परेको छ
निर्दोष जीव, वनस्पति र माटोले ।
अबदेखि
नदीको इज्जत राखेको प्रमाण देखाउने
वस्त्रलाई मात्र
आफ्नो शरीरको शोभा बनाउँछु म ।

उडिरहेको जहाजले पनि
आकाशलाई फोहोर पारिरहेको हुन्छ
अबदेखि
कि त
स्वच्छऊर्जाले चलेका वाहनमा मात्र चढ्छु
कि त
आफूलाई जमिनमै हिडाउँछु म ।

अंश त हुँदै हुँ
हावाको, पानीको, माटोको ।
अंश त हुँदै हुँ
घामको, पृथ्वीको, आकाशको ।
अंश त हुँदै हुँ
तारा मण्डलको, ब्रह्माण्डको ।
अब
सबैको नाममा एकमुष्ट कसम खाएर
परोपकारको मन्त्रलाई
साकार गराउँछु म ।

मेरी प्यारी आदिमा !
तिमी चिन्ता नगर ।
तिम्रा सन्तानको रक्षाका खातिर
अधिक प्राणवायुको उत्पादन गर्ने
झयाम्म परेको लेकाली पिपल,
तुलसी, काई-लेउ
र सागरमा तैरिरहने
सूक्ष्म वनस्पति पादप-प्लवकको साथ लाएर
अबदेखि
आफ्नो हंसलाई नै
सातै महादेश र पाँचै महासागरमा
प्रेमिल स्पर्श बाँड्न पठाउँछु म ।

# कर्जा चुक्ता गर्न आउने बारेको ३५ (पैतिस) दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८३/०३/०६ (प्रदेश राष्ट्रिय दैनिक)

यस आशा लघुवित्त वित्तीय संस्था लिमिटेडको तपसिलमा उल्लेखित शाखा कार्यालयहरुबाट धितो तथा सामूहिक जमानीमा आधारित कर्जा कारोबार गरी वित्तीय संस्थाको नियमानुसार मासिक रुपमा साँवा ब्याज बुझाउनु पर्नेमा बिगत लामो समय देखि कर्जाको किस्ता (साँवा ब्याज) तिर्न आलटाल गरेको, पटक पटक मौखिक तथा लिखितरुपमा तरताकेता गर्दा समेत कर्जा तिर्न तर्फ कुनै चासो नदिएको, नेपाल राष्ट्र बैंकको नियमानुसार शंकास्पद/खराव वर्गमा कर्जाको वर्गीकरण भएको, कर्जा लिंदाको बखतमा यस वित्तीय संस्थासंग गरेको लिखत तमसुकको शर्तबन्देजको उल्लंघन गरेको हुँदा तपसिलमा उल्लेखित तपाई ऋणी तथा एकल/धनजमानीकर्ताहरु लाई यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क गरी आफ्नो तिर्नु बुझाउनु पर्ने सम्पूर्ण (साँवा, ब्याज र हर्जाना ब्याज) रकम तिर्नु बुझाउनु हुन जानकारी गराईन्छ । अन्यथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन-२०७३, नेपाल राष्ट्र बैंकबाट "घ" वर्गका ईजाजतपत्र प्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन-२०८२ र वित्तीय संस्थाको कर्जा असुली नीति-२०८० बमोजिम थप असुली प्रकृया अवलम्बन गर्नुका साथै यसै सूचनालाई आधारमानी बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन-२०७३ बमोजिम सामूहिक जमानीमा आधारित कर्जाको हकमा जग्गा जमिन रोक्का राख्नुका साथै धितोमा आधारित कर्जाको हकमा नियमानुसार धितो लिलामी गरी असुलउपर गरिने तथा नेपाल राष्ट्र बैंकबाट "घ" वर्गका ईजाजतपत्र प्राप्त लघुवित्त वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन-२०८२ को निर्देशन नं. ११(२) बमोजिम तपाई ऋणी तथा एकल/धनजमानीकर्ताहरु लाई कालोसूचीमा राख्न कर्जा सूचना केन्द्रमा लेखि पठाईने भएकोले यसबाट ऋणी तथा एकल/धनजमानीकर्ताहरु लाई पर्न जाने असुविधा प्रति वित्तीय संस्था जवाफदेही नहुने र असुली प्रकृया अवलम्बन गर्दा लागेको सम्पूर्ण खर्च रकम समेत सम्बन्धित ऋणीबाट नै असुल उपर गरिने ब्यहोरा जानकारी गर्दछौं ।

## ऋणी तथा एकल/धनजमानीकर्ताहरुको नाम, थर, ठेगाना, नागरिकता प्रमाणपत्र नं. तथा धितोमा रहेको जग्गाको विवरण

### शाखा कार्यालय : रजहर, नवलपरासी

१. ऋणीको नाम : हिमा गुरुङ्ग, पिता/पतिको नाम : कृष्ण बहादुर गुरुङ्ग, बाजे/ससुराको नाम : हर्क वहादुर गुरुङ्ग, स्थायी ठेगाना : मुकुन्दपुर-७, नवलपरासी, ना.प्र.नं. : ई. ५३८९५, कर्जाको शीर्षक : साधारण

२. ऋणीको नाम : इन्द्र कुमारी सुनार, पिता/पतिको नाम : भिम वहादुर सुनार, बाजे/ससुराको नाम : जित वहादुर सुनार, स्थायी ठेगाना : दिब्यपुरी-६, नवलपरासी, ना.प्र.नं. : ई. ४९६०४, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : भिम वहादुर सुनार, पिता/पतिको नाम : जित वहादुर सुनार, स्थायी ठेगाना : चैनपुर-५, चितवन, ना.प्र.नं. : ३५१३८२
२.धनजमानीको नाम : सन्सरी माया सुनार, पिता/पतिको नाम : अर्जुन सुनार, स्थायी ठेगाना : दिब्यपुरी-६, नवलपरासी, ना.प्र.नं. : ३६३०१३/१२०

३. ऋणीको नाम : मनिका बोटे, पिता/पतिको नाम : देवा बोटे, बाजे/ससुराको नाम : दल बहादुर बोटे, स्थायी ठेगाना : देवचुली-१७, नवलपरासी-व.सु.पु), ना.प्र.नं. : ७७-०१-७६-०१०३८, कर्जाको शीर्षक : साधारण

४. ऋणीको नाम : धनु परियार, पिता/पतिको नाम : दिप वहादुर परियार, बाजे/ससुराको नाम : नरजित दमाई, स्थायी ठेगाना : देवचुली-२, नवलपरासी, ना.प्र.नं. : ३६२०११/३९५८, कर्जाको शीर्षक : साधारण

५. ऋणीको नाम : दिल माया बि.क., पिता/पतिको नाम : प्रेम वहादुर बि.क., बाजे/ससुराको नाम : जीत वहादुर कामी, स्थायी ठेगाना : रजहर-४, नवलपरासी, ना.प्र.नं. : ८६५१६, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : प्रेम बहादुर बि.क., पिता/पतिको नाम : जित बहादुर कामी, स्थायी ठेगाना : रजहर-२, नवलपरासी, ना.प्र.नं. : ८६५१७

६. ऋणीको नाम : मोमिना वानु मिया, पिता/पतिको नाम : पिर महमद मिया, स्थायी ठेगाना : पार्वतीपुर-५, चितवन, ना.प्र.नं. : ६२११/०५३, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : नैना सुनार, पिता/पतिको नाम : विक्रम बहादुर सुनार, स्थायी ठेगाना : रजहर-५, नवलपरासी, ना.प्र.नं. : ३६२००८/१२०

७. ऋणीको नाम : अनिता धिमाल, पिता/पतिको नाम : सन्दिप कुँवर, बाजे/ससुराको नाम : दिल वहादुर कुवर क्षेत्री, स्थायी ठेगाना : गैडाकोट-५, नवलपरासी, ना.प्र.नं. : ३६३००५/१२२, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : सोहन कुंवर क्षेत्री, पिता/पतिको नाम : दिल बहादुर कुवर क्षेत्री, स्थायी ठेगाना : गैडाकोट-५, नवलपरासी, ना.प्र.नं. : ३६/३२९४
२.धनजमानीको नाम : सीता कुवर क्षेत्री, पिता/पतिको नाम : सोहन कुंवर श्रेत्री, बाजे/ससुराको नाम : दिल वहादुर कुंवर क्षेत्री, स्थायी ठेगाना : गैडाकोट-५, नवलपरासी, ना.प्र.नं. : ३६२००५/१२६०

८. ऋणीको नाम : सीता कुवर क्षेत्री, पिता/पतिको नाम : सोहन कुंवर क्षेत्री, बाजे/ससुराको नाम : दिल वहादुर कुंवर क्षेत्री, स्थायी ठेगाना : गैडाकोट-५, नवलपरासी, ना.प्र.नं. : ३६२००५/१२६०, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : सोहन कुंवर क्षेत्री, पिता/पतिको नाम : दिल बहादुर कुवर क्षेत्री, स्थायी ठेगाना : गैडाकोट-५, नवलपरासी, ना.प्र.नं. : ३६/३२९४
२.धनजमानीको नाम : मोहन कुँवर क्षेत्री, पिता/पतिको नाम : दिल बहादुर कुंवर क्षेत्री, स्थायी ठेगाना : गैडाकोट-५, नवलपरासी, ना.प्र.नं. : ३०४२९

९. ऋणीको नाम : उर्मिला कुवर क्षेत्री, पिता/पतिको नाम : मोहन कुवर क्षेत्री, बाजे/ससुराको नाम : दिल बहादुर कुवर क्षेत्री, स्थायी ठेगाना : गैडाकोट-५, नवलपरासी (व.सु.पु.), ना.प्र.नं. : ३६३००५/१३३७, कर्जाको शीर्षक : साधारण
१.धनजमानीको नाम : सोहन कुंवर क्षेत्री, पिता/पतिको नाम : दिल बहादुर कुवर क्षेत्री, स्थायी ठेगाना : गैडाकोट-५, नवलपरासी, ना.प्र.नं. : ३६/३२९४
२.धनजमानीको नाम : मोहन कुँवर क्षेत्री, पिता/पतिको नाम : दिल बहादुर कुंवर क्षेत्री, स्थायी ठेगाना : गैडाकोट-५, नवलपरासी, ना.प्र.नं. : ३०४२९

१०. ऋणीको नाम : फुल माया गुरुङ्ग, पिता/पतिको नाम : प्रेम वहादुर गुरुङ्ग, बाजे/ससुराको नाम : मेख वहादुर गुरुङ्ग, स्थायी ठेगाना : ककनी-७, नुवाकोट, ना.प्र.नं. : ३४६५४६, कर्जाको शीर्षक : लघुउद्यम
१.धनजमानीको नाम : मुस्कान माकीम मगर, पिता/पतिको नाम : दल बहादुर माकीम मगर, स्थायी ठेगाना : बोदीकाली-६, नवलपरासी (व.सु.पु), ना.प्र.नं. : ७७-०१-७८-०६१९४
२.धनजमानीको नाम : प्रेम वहादुर गुरुङ्ग, पिता/पतिको नाम : मेख वहादुर गुरुङ्ग, स्थायी ठेगाना : ककनी-७, नुवाकोट, ना.प्र.नं. : १२८१६

११. ऋणीको नाम : मन्जु नहर्की, पिता/पतिको नाम : विचारी नहर्की, बाजे/ससुराको नाम : जिव वहादुर नहर्की, स्थायी ठेगाना : पिठुवा-२, चितवन, ना.प्र.नं. : ७६७६/०५६, कर्जाको शीर्षक : लघुउद्यम
१.धनजमानीको नाम : मैना देवि रायमाझी, पिता/पतिको नाम : मकर बहादुर रायमाझी, स्थायी ठेगाना : देवचुली-१, नवलपरासी(वर्दघाट सुस्तापूर्व), ना.प्र.नं. : ७-३४०३
२.धनजमानीको नाम : वर्षा नहर्की, पिता/पतिको नाम : विचारी नहर्की, बाजे/ससुराको नाम : जिव वहादुर नहर्की, स्थायी ठेगाना : देवचुली-१, नवलपरासी (व.सु.पु.), ना.प्र.नं. : ७७-०१-७७-०६११८

१२. ऋणीको नाम : निशा महतो, पिता/पतिको नाम : डुलीराम थनेत, बाजे/ससुराको नाम : पतिराम थनेत, स्थायी ठेगाना : कावासोती-७, नवलपरासी, ना.प्र.नं. : ३६२०१६/४२८६, कर्जाको शीर्षक : लघुउद्यम
१.धनजमानीको नाम : रन्जिता दरै, पिता/पतिको नाम : शनिचरा दरै, स्थायी ठेगाना : माडी-५, चितवन, ना.प्र.नं. : ३५-०२-८०-००८०६
